# शैल्यशिखर नगरपालिका

## नगर प्रमुख श्री विजयसिंह धामीले नगरसभामा प्रस्तुत गर्नुभएको

## शैल्यशिखर नगरपालिकाको

## आ.व.२०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम

शैल्यशिखर नगरपालिका २०८२ जेठ ३० गते

# शैल्यशिखर नगरपालिकाको

## आ.व.२०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रमः

- शैल्यशिखर नगरपालिका नगरसभाको १७औं अधिवेशनको पहिलो बैठकमा उपस्थित नगर उपप्रमुख ज्यू प्रमुख प्रशासकीय अधिकृतज्यू नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी एवम् रेडियो र अन्य माध्यमवाट जोडिई रहनुभएका नगरवासी मानभावहरु ।
- सर्वप्रथम नगरसभाको यस महत्वपूर्ण अधिवेशनमा यहाँहरु सवैलाई हार्दिक स्वागत एवं धन्यवाद व्यक्त गर्दछु ।यस महत्वपूर्ण अवसरमा परिवर्तनका खातिर आफ्नो जिवन उत्सर्ग गर्न हुने ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मान सहित हार्दिक श्रद्धासुमन तथा घाईतेहरुप्रति स्वास्थ्यलाभको कामन व्यक्त गर्न चाहान्छु ।
- शैल्यशिखर नगरपालिका लोकतन्त्रका न्यूनतम आधारभूत मूल्य मान्यता, बहुलवादी खुला समाज, मानव अधिकार, लोकतन्त्र ,सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति पूर्ण प्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरवासीले गर्न सकून् भन्नेमा हामी अत्यन्त सचेत छौं ।
- आर्थिक वर्ष २०८२।०८३ को नीति कार्यक्रमको लक्ष्य **"समृद्ध शैल्यशिखर खुशी शैल्यशिखरवासी"** रहेको छ नगरवासीको सर्वाङ्गीण विकास सँगै समद्धि सुशासन सेवा प्रवाहका साथै तिव्र विकासको अपेक्षालाई उपलव्ध श्रोत साधनको समुचित प्रयोग गर्दै नगरवासीको आंकाक्षा पूरा गर्न दृढ संकलपित रहेको कुरा यहाँहरु समक्ष जानकारी गराउन चाहान्छौं ।
- चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा टेकेर नगरको आर्थिक,सामाजिक,साँस्कृतिक विकासको उदेश्य,लक्ष्य,रणनीति र कार्यनीति सहितको स्पष्ट विकासको खाका निर्धारण गरी नगरपालिकाको आवधिक योजना कार्यान्वयन गर्न यो नीति तथा कार्यक्रम निर्देशित छ ।
- अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्दा निम्न पक्षलाई मुख्य मार्ग निर्देशकको रुपमा लिएको छ ।

  क. नेपालको संविधान, २०७२

  ख. स्थानीय सरकार संञ्चालन ऐन,२०७४

  ग. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन,२०७४

  घ. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४

  ङ. नेपाल सरकार र सुदूरपश्चिम सरकारले तर्जुमा गरेका नीति तथा कार्यक्रम

  च. दिगो विकास लक्ष्यहरु हासिल गर्ने लगायत नेपाल सरकारले अन्तरराष्ट्रिय क्षेत्रमा जनाएका प्रतिवद्धतावाट श्रृजित दायित्व ।

छ. नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारका आवधिक योजनाहरु र यस नगरपालिकाले वनाएको आवधिक योजना लगायत अन्य कानूनहरु ।

ज. नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक,सामाजिक लगायतका विकासका नीतिहरु लगायत ।

**आदरणीय नगर उप प्रमुख तथा नगरसभा सदस्यज्यूहरु ।**

अव म आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिको संक्षिप्त समीक्षा गर्ने अनुमति चाहान्छु ।

**१ आर्थिक वर्ष २०८१/०८२ को बार्षिक समीक्षा**

आज जेठ ३० गते नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा चालू आर्थिक वर्ष २०८१/०८२ को जेठ २९ गतेसम्मको अवधिलाई आधार मानी भौतिक तथा वित्तीय प्रगतिहरु प्रस्तुत गरिएको छ । चालू आर्थिक वर्षको वाँकी अवधिको भौतिक तथा वित्तीय प्रगतिहरु वार्षिक प्रगति समीक्षा गरी अगामी नगरसभामा प्रस्तुत गरिने व्यहोरा अनुरोध गर्दछु ।

**१.१ आर्थिक विकासः आर्थिक विकास तर्फका कुल योजना तथा कार्यक्रम संख्या ३२ वटा रहेकोमा जेठ २९ गतेसम्म सम्पन्न भएका योजनाको संख्या २२ वटा रहेको छ र वाँकी १० योजना कार्यान्वयनको अवस्थामा रहेका छन ।**

**१.२ सामाजिक विकासः सामाजिक विकास तर्फका कुल योजना तथा कार्यक्रम संख्या १७७ वटा रहेकोमा जेठ २९ गतेसम्म सम्पन्न भएका योजनाको संख्या ११४ वटा रहेको छ र वाँकी ६३ योजना कार्यान्वयनको अवस्थामा रहेका छन ।**

**१.३ पूर्वाधार विकासः पूर्वाधार विकास तर्फका कुल योजना तथा कार्यक्रम संख्या ६० वटा रहेकोमा जेठ २९ गतेसम्म सम्पन्न भएका योजनाको संख्या ४५ वटा रहेको छ र वाँकी १५ योजना कार्यान्वयनको अवस्थामा रहेका छन ।**

**१.४ बन वातावरण तथा विपद व्यवस्थापनः बन वातावरण तथा विपद व्यवस्थापन तर्फका कुल योजना तथा कार्यक्रम संख्या १६ वटा रहेकोमा जेठ २९ गतेसम्म सम्पन्न भएका योजनाको संख्या १० वटा रहेको छ र वाँकी ६ योजना कार्यान्वयनको अवस्थामा रहेका छन ।**

**१.५ सुशासन तथा सस्थागत विकास तर्फः सुशासन तथा सस्थागत विकास तर्फका कुल योजना तथा कार्यक्रम संख्या १६ वटा रहेकोमा जेठ २९ गतेसम्म सम्पन्न भएका योजनाको संख्या ११ वटा रहेको छ र वाँकी ५ योजना कार्यान्वयनको अवस्थामा रहेका छन ।**

**१.१.१ भूमि व्यवस्था तथा तथ्याङ्क संङ्कलन** नेपाल सरकारवाट गठन भएका भूमिसम्वन्धी समस्या समाधान आयोगको समन्वयमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी , अव्यवस्थित वसोवासीको तथ्याङ्क सङ्कलन कार्य भई हालसम्म ६० जना भूमिहीन दलित , ६ जना भूमिहीन सुकुम्वासी र ४७ जना अव्यवस्थित वसोवासीको निस्सा वितरण भई फिल्ड नाँपजाँच भईरहेको छ ।

**१.१.२ संङ्घीय समपूरक तर्फः** सङ्घ सरकारका संमपूरक तर्फ १ वटा योजनाहरु कार्यसम्पन्न हुने क्रममा रहेका छन ।

**१.१.३ संङ्घीय सरकारका वित्तीय हस्तान्तरण तर्फः** सङ्घ सरकारका वित्तीय हस्तारण योजना अन्तर्गत ३ वटा योजनाहरु कार्यसम्पन्न हुने क्रममा रहेका छन ।

**१.१.४ प्रदेश समपूरक, विषेश तर्फः** प्रदेश समपूरक विशेष अन्तर्गत ४ वटा योजनाहरु कार्यसम्पन्न हुने क्रममा रहेका छन् ।

**१.१.५ प्रदेश सरकारवाट हस्तान्तरित सशर्त अनुदान तर्फः** जम्मा २४ वटा योजनाहरु मध्ये ९ वटा कार्य सम्पन्न भएका र वाँकी १५ वटा चालू अवस्थामा रहेका छन ।

**१.१.६ संङ्घीय वजेट तर्फः** शहरी विकास मन्त्रालयको ५० प्रतिशत र यस शैल्यशिखर नगरपालिकाका ५० प्रतिशत लागत साझेदारीमा निर्माण भैरहेको शैल्यशिखर नगरपालिकाको प्रशासकीय भवनको काम ९५ प्रतिशत निर्माण कार्य सम्पन भई वाँकी काम निर्माण चरमा रहेको छ ।

**१.१.७ भारतीय दूतावास वजेट तर्फः** नेपाल सरकार **संङ्घीय** मामिला तथा सामान्य प्रशासन मन्त्रालय भारतीय दूतावास को ८० प्रतिशत लगानी र शैल्यशिखर नगरपालिकाको २० प्रतिशत लागत अनुमानमा सम्पन्न हुन लागेको गलैनाथ माध्यमिक विद्यालय भवनको १०० प्रतिशत काम प्रगति भै हस्तान्तरण भएको ।

## आगामी आर्थिक वर्ष २०८२ ।२०८३ को नीति तथा कार्यक्रमः

१. शिक्षा प्रणालीलाई आर्थिक, सामाजिक रुपान्तरणको संवाहकको रूपमा विकास गर्नका लागि सबै तहको शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता, गुणस्तरमा सुधार, अब्बल व्यवस्थापकीय क्षमताको विकास, सामुदायिक एवंम् संस्थागत विद्यालय बीचको दूरीको अन्त्य, असल अभ्यासहरूको आदानप्रदान, 'प्रयास गरे परिवर्तन सम्भव छ' भन्ने मान्यता स्थापित गर्नका लागि शैक्षिक प्रणालीलाई जिम्मेवार जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायी बनाउँदै नगरपालिकालाई शैक्षिक क्षेत्रको केन्द्रको रूपमा विकास गरिने छ । यसका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण, समुदायको अपनत्व विकास, सघन र नियमित अनुगमन, समन्वयात्मक प्रयास लगायतका शैक्षिक सुधारका कार्यक्रमहरू सञ्चालन लाई निरन्तरता गरिएको छ ।

२. नगरपालिका भित्रका सबै विद्यालयहरूलाई एकरूपता प्रदान गर्नका लागि एक विद्यालय एक स्थायी दरबन्दीको नीति लिइने छ ।शिक्षामा विद्यमान कानूनी, संस्थागत र प्रक्रियागत सुधारलाई थप सुदृढ बनाउँदै विगतबाट सिकिएका पाठहरूको आधारमा रणनीतिक ढङ्गले अगाडि बढिने छ । सामुदायिक विद्यालयप्रति अभिभावक, विद्यार्थी र आम सरोकावालाको आकर्षण बढाउँदै लैजाने रणनीति अवलम्बन गरिने छ ।

३. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना अभियान, सामुदायिक पुस्तकालय स्थापना, भौतिक पूर्वाधार निर्माण, आवश्यक दरबन्दी थप तथा मिलान, विद्यालय अनुगमन, पूर्ण सरसफाइयुक्त विद्यालय, एकीकृत र नतिजामा आधारित अनुगमन योजनाको निर्माण, विद्यालयका शिक्षक, कर्मचारीहरूको क्षमता अभिवृद्धि लगायतका प्रवर्द्धनात्मक कार्यक्रमहरू सँञ्चालन गरिने छ । नियमितता, शिक्षण प्रभावकारिता र विद्यार्थीको सिकाइ उपलब्धि एवम् नतिजाका आधारमा उत्कृष्ट ठहरिएका विद्यालय शिक्षकलाई पुरस्कृत गरिने नीतिलाई निरन्तरता गरिने छ साथै विद्यालय दिवा खाजा,विद्यालय स्वास्थ्य तथा पोषणा र प्रारम्भिक तह पढाई कार्यक्रमलाई प्रभावकारी साथ कार्यान्वयन गरिने छ ।

४.अपाङ्गता भएका वालवालिकाहरुलाई विद्यालयमा विशेष प्रोत्साहन सहित विधालयमा भर्ना गरिनेछ। अनिवार्य र निःशुल्क शिक्षा ऐन २०७५ लाई कार्यान्वयन गर्न गैर सरकारी संस्थाहरुको सहयोगमा कार्ययोजना वनाई कार्यान्वयन गरिने साथै फरक क्षमता भएका विधार्थीको सिकाईलाई निरन्तरता दिईने छ । विद्यालय उमेर समूहका विधार्थीहरुलाई विद्यालय बाहिर नरहने वातावरण सिर्जना गरिनेछ । नगरमा सञ्चालित विद्यालयहरूमध्ये प्रत्येक वडाभित्र कम्तीमा एक विद्यालयमा सूचना प्रविधि, पुस्तकालय लगायत अन्य प्राविधिक शिक्षा अध्यापनका लागि आवश्यक प्रक्रिया अपनाईने छ ।

५.उच्च शिक्षा अन्तर्गत चिकित्सा शिक्षा तर्फको एम.बी.बी.एस अध्ययन गर्न नगर भित्रका छात्र/छात्राहरुलाई प्रोत्साहन गर्नकालागि एक छात्रवृत्ति कोषको स्थापना गर्ने कार्यलाई निरन्तरता दिदै छात्रवृत्ति वितरणका लागि शैल्यशिखर नगरपालिकाले तयार गरेको कार्यविधिको आधारमा गरिव तथा जेहेन्दार विद्यार्थीलाई प्रोत्साहन गरिने छ ।

६. लागू पर्दाथको दुर्व्यसन नियन्त्रण गर्नको लागि निजी क्षेत्र एवम् गै.स.स. हरुको सहकार्यमा मनोपरामर्श एवम् पुनस्थापना केन्द्र स्थापना एवम् जनचेतना र जागरणको कार्यक्रम संञ्चालनलाई यो वर्ष पनि निरन्तरता गरिने छ ।शैल्यशिखर नगरपालिकाले निर्माण गरेको १० वर्षे शैक्षिक योजना र शिक्षा क्षेत्रका विषय विज्ञहरूको सहभागितामा निर्माण गरिएको स्थानीय पाठ्यक्रमको आधारमा कक्षा १ देखि ८ सम्मका स्थानीय विषयका पाठ्यपुस्तक तयार गरी कार्यान्वयमा ल्याईने कार्यलाई निरन्तरता दिईने छ ।

७. **"सफा नगर, स्वस्थ नगरवासी"** भन्ने नाराका साथ गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्ने कार्यमा नगर सरकार क्रियाशील रहने छ । गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहमा रहेका विद्यमान चुनौतीहरूलाई न्यूनीकरण गर्न, सेवा प्रदायक संस्थाहरूको व्यवस्थापकीय प्रणाली सुदृढ गराउन, नेपाल सरकारबाट प्राप्त ससर्त कार्यक्रमहरूको थप प्रभावकारी तवरले कार्यान्वयन गर्न, आयुर्वेद औषधालयको क्षमता अभिवृद्धि गर्न, शक्तिवर्दक आर्युवेदिक औषधि वितरण, महिलाको प्रजनन स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखी मातृ तथा वाल स्वास्थ्य सेवा लाई थप सुदृढ वनाईनेछ । पाठेघरको मुखको क्यान्सर , स्तन क्यान्सर, आङ खस्ने लगायत रोगको पहिचानको लागि शिविर संञ्चालन कार्यक्रमलाई निरन्तरता दिईने छ ।

८. स्वास्थ्य बिमा कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, पोषण कार्यक्रम ,राष्ट्रिय खोप तथा विशेष खोप, भिटामिन ए तथा जुकाको औषधी वितरण, गम्भीर खालका रोगहरुवाट ग्रसित विरामी लगायतका राष्ट्रिय स्तरका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सहित नगरपालिकाको समग्र स्वास्थ्य प्रणालीको सुधारका लागि प्राथमिकता निर्धारण गरी नगरकार्यपालिकाले तयार गरेको " **नगर स्वास्थ्य नीति** " कार्यान्वयनमा ल्याईने छ । आधारभूत स्वास्थ्य सेवामा सबै नगरबासीहरुको पहुँच सुनिश्चित गर्नको लागि स्वास्थ्य बिमा कार्यक्रमको प्रचारप्रसारलाई व्यापकता प्रदान गर्दै स्वास्थ्य संस्थाहरूको पूर्वाधार विकासमा सहयोग पुर्याउने गरी बजेटको व्यवस्था गरिने छ ।साथै स्वास्थ्य क्लिनिकहरूलाई व्यवस्थित गर्ने कार्यलाई प्रभावकारी गरिने छ । विरामीहरूको स्वास्थ्य उपचारमा सहजताका लागि यो वर्ष थप एम्वुलेन्सहरुको व्यावस्थापन गरी एम्बुलेन्सलाई विरामी तथा घाईतेको पहुँच सहज र सरल वनाउदै थप एम्वुलेन्स व्यवस्थापन लागि प्रकिया अघि बढाइने छ । यस नगरपालिका स्थित गोकुलेश्वरमा रहेको एक मात्र अस्पतालमा यस नगरपालिका भित्रका मात्रै सेवाग्राही नभई अन्य पालिका साथै छिमेकी जिल्ला बझाङ्ग, बैतडी जिल्लाका पालिकाहरुवाट सेवा लिन सेवाग्राही आउने भएकाले यस अस्पतालको भौतिक र व्यावस्थापकीय सुधारको लागी प्रदेश लगायत सबै पालिकासँग समन्वय गरी सहकार्यको नीतिलाई निरन्तरता दिईने छ।

९. वर्थिङ्ग सेन्टरको स्तरोन्नति एवम् स्रोत साधनयुक्त बनाउने कार्यलाई निरन्तरता दिएको छ ।"उपचार र निदानभन्दा रोग लाग्न नदिनु बेस" भन्ने अवधारणालाई आत्मसात गर्दै आयुर्वेदका उपचार विधिहरु अपनाउन प्रचार प्रसार गरिने छ साथै आयुर्वेदिक जडिबुटी प्रवर्द्धन गर्न आवश्यक प्रचार प्रसार लाई रणनैतिक वनाईने छ । पूर्ण खोप घोषणा र दिगोपनालाई निरन्तरता दिईने छ ।

१०. शैल्यशिखर नगरपालिकालाई कृषि आधुनिकीकरण,व्यावसायीकरण गर्दै कृषि उत्पादनमा आत्मनिर्भर पालिका वनाउन किसानका अपेक्षा अनुसार किसानका साझा समस्या समाधान गर्ने प्रकृतिका किसानका आशा जगाउने राहातका प्याकेज वनाउने रणनिति तयार गरी नगरपालिकाभित्रको कृषियोग्य जमिन पहिचान

र संरक्षण गर्दै कृषि उत्पादन क्षेत्रको नगरले तयार गरेको भुउपयोग योजना अनुसार वर्गीकरण गरिएको क्षेत्र लाई प्राथमिकता साथ कार्यान्वयन गरी नगरलाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने कार्यलाई कार्यान्वयनमा लैजान कम्तिमा आर्थिक विकास सँग सम्वन्धित शैल्यशिखर नगरमा प्रचुर सम्भावना रहेको वेसारलाई आयातमा प्रतिवन्ध लगाई आफ्नो उत्पादनलाई प्रशोधन तथा प्याकिङ का लागी लघु उद्योग स्थापनाको लागि वजेट व्यावस्थापन गरी **"सवै उद्यमीको सार, हाम्रो माटो हाम्रो वेसार"** अभियान संञ्चालन गरिने छ साथै नगरसभा सदस्यहरुलाई आर्थिक विकाससँग जोडिन उत्प्रेरणा दिईने छ ।

११. तरकारी उत्पादनको प्रसस्त सम्भावना रहेका क्षेत्रहरूलाई तरकारी पकेट क्षेत्र उखु उत्पादन क्षेत्रलाई उखु पकेट क्षेत्र, माहुरी उत्पादन क्षेत्रलाई माहुरीपालन पकेट क्षेत्र , ओखर उत्पादन क्षेत्रलाई ओखर पकेट क्षेत्र , अदुवा अलैंची उत्पादन हुने क्षेत्रलाई अदुवा अलैंची पकेट क्षेत्र र अन्य स्थानहरूमा एक घर एक करेसाबारीको नीति अवलम्बन गर्दै अर्गानिक तरकारी उत्पादनलाई नगरभरि विशेष अभियानका साथ सञ्चालन गर्ने तरकारीमा आत्मनिर्भर बनाउने कार्य अवलम्बन गरी तरकारी आयातलाई निरुत्साहित गर्दै निर्यात बढाउने नीतिलाई निरन्तरता दिएको छ ।

१२. नगरपालिका क्षेत्रमा सञ्चालित बैङ्क तथा वित्तीय संस्थाहरूसँगको सहकार्यमा कृषकलाई कृषि ऋण उपलब्ध गराई सोही प्रयोजनमा सदुपयोग हुन गएमा वा यस नगरपालिका भित्रका विभिन्न ९ वटै वडाका आमा समूह, टोल विकास संस्था, क्लवलाई नगद र वस्तुगत सहायता उपलब्ध गराउन सहजीकरण गर्न बैक तथा वित्तिय सस्थाहरुसँग समन्वय गरिने छ ।

१३. सिंचाइ प्रणाली आसपासका जग्गाहरू बाँझो राख्न नपाउने व्यवस्थालाई कार्ययोजना सहित कार्यान्वयनमा लगिने छ भने खाली जमिनमा फलफूल, केरा, मकै, घाँस, अलैंची नर्सरी सञ्चालन लगायतका कृषिजन्य क्रियाकलाप सञ्चालनका लागि प्रोत्साहन गरिने छ साथै पानी अभाव भएको ठाँउमा नवीकरणिय उर्जाको प्रयोग गरी लिप्टिङ सिचाईलाई प्रोत्साहन गरिने छ ।

१४. कृषि प्रदर्शनी मेला ,कृषि उत्पादनको बजारीकरण र भण्डारण सहयोगका लागि **" बारीदेखि बजारसम्म, गोठदेखि ओठसम्म "** अभियान मार्फत स्थानीय कृषि उपज विक्री वितरण सुनिश्चित गरिने छ । यस नगरपालिकामा एक कृषि उपज संङ्कलन केन्द्र निर्माणको लागि पहल गरिने छ । साथै कृषि हाटबजारको सम्भावना अध्ययन गरी व्यवस्थित तवरले सञ्चालन गरिनुका साथै कुनै व्यक्ति तथा संघसंस्थाले सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार हाटवजार सञ्चालन गर्न चाहेमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइने छ ।

१५. **"मेयर सँग कृषि"** कार्यक्रमलाई निरनरतरता दिईएको छ । **"व्यवसायिक रूपमा काम गर्ने किसानलाई नगरपालिकाको सम्मान, सबै किसानलाई उत्पादनमा आधारित अनुदान"** नीति अबलम्बन गरिने छ ।कृषि बिमा तथा पशु बिमालाई थप प्रभावकारी बनाउन अभियानात्मक कार्यक्रम सञ्चालनमा ल्याइने छ ।दुग्ध उत्पादक किसानहरूलाई प्रोत्साहन गर्न विशेष अनुदानको व्यवस्था गरिने छ । नगरपालिकाभित्र दुधको मूल्यमा उपयुक्तता र एकरूपता कायम गरिने छ । पशुपालक किसानहरूलाई दिइँदै आएको पशु विमा अनुदानलाई थप व्यवस्थित गरी निरन्तरता दिइने छ ।साथै नगरलाई माछा मासुमा आत्मनिर्भर बनाउन बङ्गुर पालन, कुखुरा पालन, बाख्रापालन, माछापालन लगायतका व्यवसाय गर्ने कृषकहरूलाई विशेष अनुदान उपलब्ध गराउने नीति अवलम्बन गरिने छ । साथै २ भन्दा वढी भैंसी पालन गर्ने कृषकलाई विशेष प्रोत्साहनको व्यवस्था गरिने छ ।

१६. कृषि प्राविधिक सहयोग र कर्मचारी परिचालनलाई निरन्तरता दिदै एक वडा, एक पशुपक्षी पकेट कार्यक्रम सञ्चालन गरी पशुपंक्षीजन्य उत्पादनलाई विशिष्टीकरण गरी कार्यान्वयन गरिने छ । एकीकृत कृषि तथा पशु विकास कार्यालयको स्तरोन्नति गरी कृत्रिम गर्भाधानका लागि आवश्यक साम्रगी र प्राविधिक सहयोग साथै स्थानीय कृषि प्रणालीमा आधारित कार्यक्रम सञ्चालन गरिने कार्यलाई निरन्तरता गरिएको छ ।पशुजन्य महामारी रोगवाट भएको क्षतिको विवरण सङ्कलन गरी पशु विमालाई विमा कम्पनिको सहयोगमा सवैले विमा वनाउने वातावरण श्रृजना गरिने कार्यलाई थप प्रचार प्रसार गरिने छ ।

१७.कृषि, बचत तथा ऋणको कार्यक्रम सञ्चालन गर्ने सहकारी मार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिने छ । निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारहरूसँगको सहकार्यबाट सहकारी प्रवर्द्धन, समूह सहकारीकरण, सहकारी सचेतना, सहकारीमा रहेको पुँजी परिचालन, सहकारी मार्फत् लगानीको अभिवृद्धि, सहकारी खेती प्रणाली लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने नीति अबलम्वन गरिने छ ।

१८. सहकारी संस्थाहरूको सुदृढीकरण, विकास र प्रवर्द्धनको लागि नियमित अनुगमन, नियमन र निरीक्षणको व्यवस्था मिलाइने छ । सहकारी संघ संस्थाहरूसँग सहकार्य गरी सहकारी पसल, कृषि/उत्पादनमूलक उद्योग व्यवसाय संञ्चालन गर्ने सहकारीलाई नगरले प्रोत्साहन गर्ने नीति लिने छ । नगरभित्रका सहकारी संस्थाहरुको अभिलेख अद्यावधिक गरिने छ ।

१९. महिलाहरूद्वारा सञ्चालित महिला सहकारी, किसानहरू र कम आयस्तर रहेका नगारिकहरू आबद्ध रहेका सहकारी संस्थाहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक सहयोग पुर्याइने छ ।

२०. नगरभित्र आवश्यकताअनुसार सिंचाइ व्यवस्थापनका लागि उपयुक्त स्थानमा बहुउपयोगी सिंचाइ पोखरीहरू निर्माण गर्ने कार्यलाई निरन्तरता दिईने छ ।शैल्यशिखरको सिँचाइ अन्तर्गत प्रमुख कुलो तथा

नहर सिँचाइ प्रणालीको सुदृढीकरणका लागि सरोकारवालाहरूसँगको सहकार्यमा उपयुक्त कार्ययोजना निर्माण गरी कार्यन्वयन गरिने छ । साथै उल्लिखित नहर, कुलो र खोला आसपासका क्षेत्रको जग्गा संरक्षण, हरियाली प्रबर्द्धन, विश्राम स्थल तथा बगैंचा निर्माण कार्यलाई टोल विकास संस्था मार्फत अगाडि बढाइने छ । नगरभित्रका ठूला नहर तथा कुलाहरूमा सघन सरसफाइ कार्यक्रम सञ्चालन गरी सिँचाइ प्रणालीलाई चुस्त दुरुस्त बनाइने छ ।

२१. संविधान तथा स्थानीय सरकार संञ्चालन ऐनले दिएको अधिकारको अधीनमा रही सबै प्रकारका उद्योगहरूको व्यवस्थापनका लागि एकीकृत नीति तर्जुमा गरी व्यवस्थित गरिने छ ।न्यूनतम १० जना नगरवासीलाई रोजगारी दिने उत्पादनमूलक उद्योगहरू चालू वर्षमा सुरु भएमा आगामी ३ वर्षसम्म लाग्ने व्यावसायिक करमा २५ प्रतिशत छुट दिइने छ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन रोजगार सेवा केन्द्रलाई साधन स्रोत सम्पन्न वनाई आन्तरीक रोजगारी श्रृजना गर्ने रोजगार आयोजना संञ्चालनका लागि प्राप्त भएको शसर्त ज्याला रकममा नगरले साझेदारी गरी आन्तरिक रोजगारी श्रृजना गरिनेछ । वैदेशिक रोजगारलाई सुरक्षित मर्यादित वनाउन सचेतनामुलक कार्यक्रम,मनोसामाजिक परामर्श तथा बैदेशिक रोजगारवाट फर्केका व्यक्तिहरुको तथ्याङ्क संकलनलाई निरन्तरता दिदै सीपको पहिचान र उनीहरुको सीप उपयोगमा ल्याईने छ ।

२२. संङ्घीय सरकारको सहयोगमा पालिकामा औद्योगिक ग्राम स्थापना गर्न पहल गर्ने साथै सीमान्तकृत वर्ग, समुदाय, एकल महिला र अपाङ्गता भएका व्यक्तिहरूले सञ्चालन गरेको उद्योग र व्यवसायमा तोकिएको करमा ५०% छुट दिइने नीतिलाई निरन्तरता गरिएको छ । उद्योगमैत्री वातावरण निर्माणका लागि नगरपालिकाले हरसम्भव प्रयास गर्ने छ । नगरपालिकाको नियमित बजेटबाट सञ्चालन गरिने विषयगत तालिमलाई एकीकृत अवधारणाअनुसार नियमित रूपमा सञ्चालन गरिने छ । नगरपालिकाबाट प्रदान गरिने तालिमहरूलाई सीपयुक्त र स्वरोजगारमूलक बनाउने गरी आगामी वर्ष न्यूनतम रोजगारीका लागि युवायुवतिलाई स्वरोजगारमूलक तालिम प्रदान गरिने छ। नगर उद्योग वाणिज्य सङ्घ गठन प्रक्रिया अघि वढाउने, साथै लामो समय विदेशमा रही हाल नेपाल फर्केर स्वदेशमै उद्योग /व्यवसाय गर्न चाहनेहरूका लागि प्रोत्साहनको नीति कार्यान्वयनमा लगिने छ ।

२३. नगरपालिकाभित्र रहेका ऐतिहासिका पुरातात्त्विक महत्त्वका सम्पदाहरूको अभिलेखीकरण, प्रबर्द्धनका लागि आवश्यक रणनीति तय गरिनुका अतिरिक्त पर्यटकीय महत्त्वका विविध विषयहरूलाई समेटी तयार गरिएका वृत्त चित्र लाई सर्वसामु पुगाउन अभियान संञ्चालन गरिने र थप अन्य माध्यमबाट प्रचारप्रसार गरिने छ ।साथै चमेलिया जलविद्युत आयोजनालाई विद्युतको केन्द्र (हब) को रूपमा प्रचारप्रसार गरी पर्यटकहरूको व्यवस्थापनमा सहयोग गरिने छ ।

२४. नगरभित्रका प्रसिद्ध धार्मिक स्थलहरूमा आवश्यक भौतिक सुधार गरी उपयुक्त र आकर्षक मूर्तिहरू समेत राखिने छ । यसबाट धार्मिक स्थलहरू व्यवस्थित भई आकर्षणका केन्द्र बन्न सक्ने अपेक्षा गरिएको छ ।

२५. नगरभित्रका उत्कृष्ट कलाकारहरूलाई पुरस्कृत गर्ने, कलाको संरक्षण गर्ने लगायतका कामहरूलाई प्राथमिकताका साथ अगाडि बढाइने छ।नगरपालिकाभित्र लुकेर रहेका प्रतिभाहरूको पहिचानको लागि विभिन्न प्रकारका मैत्रीपूर्ण प्रतिस्पर्धा गरी कला, साहित्य र सृजनाको संरक्षण र संवर्द्धन गरिने कार्यलाई निरन्तरता दिएको छ ।

२६. परम्परागत चाडपर्वहरू, मालिकार्जुन देव पूजन संस्कृति, जात्रा, गौरा, चैतालो, भेटौलो, तिज, नरहरि, गोकुलेश्वर मेला जस्ता सामाजिक सद्भाव र एकता कायम गर्ने पर्वहरूको संरक्षणका लागि सहयोग गरिने छ । मौलिक संस्कृति वोकेको यस नगरभित्र बसोवास गर्ने विभिन्न जातजातिका कथा, गाथा, पहिरन, रहन सहन, भाषा र संस्कृतिको विकासका लागि तिनको सङ्कलन अभिलेखीकरण र पुस्तान्तरणका लागि सहयोग गरिने छ ।

२७. भवन निर्माण मापदण्ड २०७४ लाई कडाइका साथ कार्यान्वयनमा ल्याइने छ । सिकर्मी र डकर्मीहरूलाई भवन निर्माण प्रविधि र भवन संहितासम्बन्धी तालिम दिई दक्ष बनाइने नीति अबलम्वन गरिने साथै किफायती आवासका नमुना नक्साहरू तयार पारी नगरवासीहरुलाई उपलब्ध गराइ कार्यान्वयनमा लगिने छ।

२८. भूमि आयोगको समन्वयमा लगत संकलन गरी पहिचान गरिएका भूमिहीन, अव्यवस्थित बसोवासी र सुकुम्बासीलाई सुरक्षित बसोवासको लागि एकीकृत बस्ति निर्माणको सम्भाव्यता अध्ययन गरी एक आवासको अवधारणा ल्याइने छ । नगरपालिकाभित्रका पराल तथा खरको छाना भएका घर परिवारलाई जस्ता पाताको छानामुनि ल्याउन पातामा लाग्ने रकम अनुदान दिइने छ ।

२९. आवश्यकताको आधारमा नयाँ सडक निर्माणका साथै विगतमा निर्माण गरिएका सडकहरुको मर्मत सुधारलाई विशेष महत्व दिइने छ ।निर्माणाधिन वडा नम्वर ३,५,७ र ८ लाई यो वर्ष थप संरचना निर्माणको लागी रकम व्यवस्थापन गरिने छ। पक्की सडक निर्माण कार्यमा लागत साझेदारीको अवधारणालाई निरन्तरता दिइने छ । नगरपालिकाभित्र रहेका सडकहरूको डिजिटल प्रविधिमा आधारित वर्गीकरण गरी सर्वसाधारणको जानकारीको लागि उपलब्ध गराइने कार्यलाई कार्यान्वयनमा लगिने छ ।

३०. नगरको विद्युत सेवालाई भरपर्दो र गुणस्तरीय बनाउनको लागि विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत पोल र ट्रान्सफर्मर जडान, सडक बत्ती व्यवस्थापन लगायतका पूर्वाधार निर्माणको कामलाई प्राथमिकता दिइने छ । साथै नगरभित्र रहेका लघुजलविद्युत आयोजनाहरूको अवस्थाको प्राविधिक मूल्याङ्कन गरी मर्मत सम्भारको लागि बैकल्पिक उर्जा जस्ता दातृ निकायसँग साझेदारी नीतिका अतिरिक्त थप वजेट पालिकाले विनियोजन गर्ने छ ।

३१. सार्वजनिक निजी साझेदारी कार्यक्रमलाई अवलम्बन गरी कृषि, पर्यटन, फोहोरमैला व्यवस्थापन, उद्यम र व्यवसाय, भौतिक संरचना निर्माण सहितका कार्यक्रम सञ्चालन गरिने छ । यस नगरपालिका र निजी तथा सार्वजनिक संस्थाहरूको लागत साझेदारीमा उन्नत स्तरको प्रशोधन केन्द्र स्थापना गरी फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन गर्ने नीति अवलम्बन गरिने छ । फोहोरमैला प्राविधिक सहयोग केन्द्रको सहयोगमा फोहोरमैला व्यवस्थापनको कार्य अगाडि बढाउन आवश्यक प्रक्रिया अगाडि वढाइने कार्यलाई तिव्रता दिईने छ ।

३२. नगरभित्रका सामुदायिक रेडियोहरू,मिडियाहरु र तिनमा कार्यरत सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने नीति अबलम्वन गरिने । स्थानीय सञ्चार माध्यमहरूको कार्यसम्पादन र प्रभावकारिताको आधारमा साझेदारीको नीति कार्यान्वयनमा लगिने छ ।

३३. स्थानीय मिडियाहरु सँगको सहकार्यमा जनताको सुसूचित हुन पाउने सूचनाको हक प्रत्याभूति गर्न स्वत प्रकाशन, सार्वजनिक सुनुवाइ, मुखपत्र प्रकाशन, जनतासँग जनप्रतिनिधि लगायतका रेडियो कार्यक्रम सार्वजनिक परीक्षण, कार्यालयबाट सम्पादित कार्यहरूको चौमासिक सार्वजनिकीकरण गर्ने साथै दूरसञ्चार कार्यालयसँगको समन्वयमा हट लाइन सेवा सञ्चालन गर्ने कार्यक्रमलाई थप समन्वय गरी कार्यान्वयनमा लगिने छ।

३४. नगरभित्र देखिन सक्ने विपद् पूर्वतयारी, विपद् व्यवस्थापन, विपद् प्रतिकार्य, क्षति न्यूनीकरण लगायतका विषयहरूलाई समेटी पूर्व तयारी रणनीति तय गरिने छ । विपद्पछि आवश्यक पर्ने औजार, खुला क्षेत्र, खाद्य साम्रगी, औषधी उपचार जस्ता पूर्व तयारीको बारेमा सचेतनामूलक सामग्री वितरण गरिने छ साथै यो वर्ष आपतकालिन कार्य संञ्चालन केन्द्र स्थापना गरी कार्यान्वयनमा ल्याईने कार्य गरिने छ ।

३५. चमेलिया नदी र यसका सहायक नदीहरुको तटीय क्षेत्रको दोहन कार्यलाई व्यवस्थित गर्नको लागि स्पष्ट मापदण्ड, कार्याविधि समन्वय लगायत अन्य उपायहरूको अवलम्बन गरिने छ भने नदी कटानवाट प्रभावित क्षेत्रको व्यवस्थापनका लागि आवश्यक रणनीति तय गरिने छ ,साथै नदिजन्य ढुङ्गा , गिट्टी , वालुवा जस्ता नदिजन्य पदार्थहरु अनधिकृत रुपमा उत्खनन् कार्यलाई प्रतिबन्ध लगाई वातावरणीय प्रभाव मूल्याङ्कनले

तोकेका स्थानहरुवाट नगरकार्यपालिकाले तोकेको राजश्व वुझाई उत्खनन् अनुमति दिने र वर्षेनी चमेलिया नदीको कटानलाई कम गर्न पक्की तटबन्दको लागि संघीय सरकार समक्ष अनुरोध गरिने छ ।

३६. नगर क्षेत्रभित्रका सार्वजनिक तथा निजी संरचनाहरूमा 'वातावरण मैत्री स्थानीय शासन' (EFLG) कार्यक्रमका सूचकहरूको कार्यान्वयन गर्दै लगिने छ । वातावरण संरक्षण र सहरी सौन्दर्यको प्रवर्द्धन गर्दै विभिन्न स्थानका खुला क्षेत्रलाई मनोरञ्जन स्थलको रूपमा विकास गरिने छ। स्थानीय नागरिकको संलग्नतामा न्यूनतम आधारभूत र क्रमश: उच्च स्तरका सूचकहरू निर्धारण गरी वातावरण मैत्री विकास र स्वच्छ वातावरणको कार्यक्रमलाई प्रवर्द्धन गरिने छ ।

३७. स्थानीय नागरिकलाई परिवर्तित जलवायु असन्तुलनको जीवनशैली, उत्पादन र उपभोग पद्धतिको अभ्यास गर्न आवश्यक ज्ञान, सीप, क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गरिने छ । खाली, सार्वजनिक, बाँझो, पर्ति, नदी उकास र नदी किनार लगायतका जमिनमा वृक्षारोपण तथा वन विस्तार कार्यक्रम सञ्चालन गरिने छ । सामुदायिक वनसँगको सहकार्यमा 'नर्सरीको स्थापना र स्तरोन्नति' लगायतका कामहरू सञ्चालन गरी नगरको आवश्यकता अनुसारका विरुवाहरूको उत्पादन गरिने छ ।

३८. सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सबल बनाउन निर्वाचित जनप्रतिनिधि एवम् टोल विकास संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिएको छ । सामाजिक परिचालनका माध्यमबाट गरिबी न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गर्ने सरकारी एवम् गैरसरकारी संस्थाहरूसँग आवश्यक समन्वय गरी कार्यक्रम सञ्चालन गरिने छ । टोल विकास संस्थालाई नगरको विकासमा सहभागी बनाउन र उनीहरूसँगको क्षमतालाई प्रयोग गरी नगरको समग्र विकासलाई गति प्रदान गर्नको लागि निश्चित वजेट व्यवस्था गरिने छ ।नगरभित्र रहेका आमा समूह, युवा क्लब, किशोरी समूह र विभिन्न समूह संञ्जालको रेकर्ड अद्यावधिक गरी टोलको विकासमा सक्रिय बनाइने छ । टोल विकास संस्था, आमा समूह विभिन्न क्लब लगायतका सामुदायिक संस्थाहरूलाई विभिन्न निर्माण लगायतका सामाजिक क्रियाकलापहरूमा समन्वय, सहकार्य गर्ने नीति अवलम्बन गरिने छ ।

३९. गैरसरकारी संस्थाहरूले सञ्चालन गर्ने सबै कार्यक्रमहरू नगरपालिकाको वार्षिक योजना किताबमा अनिवार्य रूपमा समावेश गरी नगरपालिकाको पूर्व स्वीकृति लिई नगरपालिकाले तोकेको वर्ग र क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने प्रणालीको विकास गरिने छ । गैरसरकारी संस्थालाई नगरपालिकाको विकास प्रक्रियामा सहयोगीको रूपमा योगदान गर्न सक्ने वातावरण निर्माण गर्ने र उनीहरूवाट पारदर्शी एवम् उत्तरदायी सेवा प्रवाह गराउनका लागि निर्देशन सहित आवश्यक सहयोग पुयाइने छ ।

४०. नगरपालिकाभित्र क्रियाशील गैरसरकारी संस्थाहरूको प्रोफाइल तयार गरी गैरसरकारी संस्थाहरूको परिचालन, नियमन, अनुगमन, मूल्याङ्कन, सहजीकरणलाई प्रभावकारी बनाइने छ । नगरको ठूला एवं बृहत् भौतिक पूर्वाधार निर्माणको लागि दातृ निकायहरूलाई आह्ववान् गर्ने, साथै साना तथा आयआर्जनसँग सम्बन्धित कार्यक्रम सञ्चालनको लागि दातृ निकायहरूलाई समन्वय गरी काम गर्ने सहज वातावरण र सरल प्रकिया अपनाइने छ । साथै नगरले नगर विकास साझेदार समन्वय समिति गठन गरी विकास साझेदारहरूसँग समन्वय गर्ने नीति लिइने छ ।

४१. खेलकुद क्षेत्रको विकास र विस्तारमा योगदान पुयाउने तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय उत्कृष्ट खेल कौशल प्रदर्शन गर्ने व्यक्तिहरूलाई प्रोत्साहन गरिने छ । खेलको विकास र विस्तारका लागि नगरपालिका, गैरसरकारी तथा निजी क्षेत्रका संस्थाहरूको सहकार्य र समन्वयमा खेलकुदका पूर्वाधारहरूको स्तरोन्नति गरिनुका साथै हरेक वडाहरूमा खेल मैदानको पूर्वाधार निर्माण गर्न पहल गरिनेछ ।नगरभित्र खेलकुद सञ्चालनका लागि फुटबल, क्रिकेट र भलिबल खेल मैदान एवम् कभर्ड हल लगायतका संरचनाहरूको निर्माण गर्ने नीति अवलम्बन गरिने छ । निजी र सामुदायिक संघसंस्थाहरूको सहकार्यमा नगर स्तरीय विभिन्न खेलकुद प्रतियोगिताको आयोजना गरिने छ ।माध्यमिक तहका विद्यालयमा खेल प्रशिक्षकको व्यावस्था गरिने कार्यलाई निरन्तरता दिईने छ ।

४२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नगरको प्रतिष्ठा बढाउन योगदान पुयाउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट काम गर्ने व्यक्ति र संस्थालाई सम्मान एवम् पुरस्कृत गरिने छ । युवाहरूको क्षमता विकासका लागि युवा परिचालन कार्यक्रम सञ्चालन गरिने छ । प्रत्येक वडाका युवाहरूलाई सीपमूलक तालिम प्रदान नीति तय गरिने छ । युवा केन्द्रित लैङ्गिक समानता र सशक्तीकरण, लागू औषध दूर्व्यसन, सकारात्मक सोच, मनोसामाजिक परामर्श जस्ता कार्यक्रम लाई निरन्तरता गरिने छ । युवा उद्यमशीलता अनुसन्धानमूलक कार्यक्रम सञ्चालन गरिने छ । युवा प्रतिभा उद्यमीको खोजी कार्यक्रम सञ्चालन गरिने छ । युवा उद्यमी केन्द्र स्थापनाको लागि अध्ययन गरिने छ । युवाको साहस, सिर्जनशीलता, उद्यमशीलता र आत्मविश्वासको उच्च मूल्याङ्कन गर्दै शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील युवा शक्तिलाई नगरको मानवीय पुँजीको रूपमा स्वीकार गर्दै नगरको समग्र विकासमा परिचालन गर्ने नीतिलाई प्राथमिकतामा राखिने छ । खेलकुद, सामाजिक विकास, वातावरण संरक्षण, विपद् प्रकोप व्यवस्थापन, सामाजिक तथा आर्थिक रुपान्तरण लगायतका क्षेत्रमा स्वयंसेवकको रूपमा युवाहरूलाई परिचालन गरिने कार्यलाई कार्यान्वयन गरिने छ । स्वयंसेवक परिचालन र व्यवस्थापन कार्यविधि तयार पारी स्वयंसेवक दस्ता खडा गरिने छ । हरेक स्वयंसेवक दस्ता मार्फत नैतिकता र नागरिक गुण एवम् अनुशासनको विकास गर्न मुलुक र नगरप्रति दायित्वबोध गराउने तथा श्रमको सम्मान गर्ने अभियानात्मक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

४३. **उपमेयरसँग दिदीबहिनी कार्यक्रम** मार्फत आर्थिक विकास तथा व्यवसायिक प्रवर्द्धन कार्यक्रमको कार्यविधि कार्यविधि कार्यान्वयन गरीने छ।आर्थिक व्यावसायिक,उत्पादनमूलक तथा सिपमूलक क्रियाकलापहरू मार्फत सशक्तीकरण गर्दै आत्मनिर्भर बनाइने कार्यलाई निरन्तरता दिईने छ।नगर भित्रका ५० वर्ष उमेर पूरा भई ७० वर्ष ननाघेका अविवाहित महिला तथा पुरुशहरुको तथ्याङ्क संकलन गरी उनिहरुलाई निर्वाह भत्ताको लागि वजेट विनियोजन गरिने छ ।

४४.नगरको समग्र विकासमा सबै क्षेत्र र समुदायको समान दायित्व रहेको हुन्छ । नगरपालिकाले अभियानको रूपमा अगाडि सारेको हरेक कार्यक्रमहरूमा स्वयंसेवी क्रियाकलाप संचालन गर्न गैरसरकारी संघसंस्था, नागरिक समाज, निजी क्षेत्रहरू सक्रिय रहेका छन् । स्वयंसेवाको महत्त्वलाई समाज, टोल र वस्ती स्तरमा स्थापित गरी स्वयंसेवाको दायरालाई सामाजिक जीवनका अन्य आयामहरूमा विस्तार गरी समुदाय स्तरबाटै स्वयंसेवी क्रियाकलापहरू अगाडि बढाउने कार्यलाई निरन्तरता दिएको छ ।

४५. स्वयंसेवाको क्षेत्रलाई फराकिलो र व्यावहारिक बनाउन नीतिगत खाका तयार गरिने छ । राष्ट्र सेवाको रूपमा लामो अनुभव हासिल गर्नुभएका सम्मानित व्यक्तित्वहरूलाई स्वयंसेवकको रूपमा परिचालित हुने अवसर सिर्जना गरी उत्प्रेरित गरिने छ । प्राविधिक, व्यावसायिक एवम् व्यवस्थापकीय क्षेत्रमा अध्ययनरत विद्यार्थीहरूलाई समेत नगरको आवश्यकताअनुसार स्वस्फूर्त परिचालित हुने व्यवस्था मिलाइने छ ।सवै माध्यमिक विद्यालयहरूमा **जुनियर रेडक्रस सर्कल** र नेपाल **स्काउट** टुकुडीको व्यावस्था गरिने कार्यलाई निरन्तरता दिईने छ ।

४६. विवाद समाधानका वैकल्पिक उपाय एवम् मेलमिलापसम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टताका साथ अगाडि बढाइने छ । नयाँ कानून, कार्यविधि, मापदण्डको अध्ययन अनुसन्धान एवम् मस्यौदा तयार पारिने छ । स्थानीय न्याय सम्पादन प्रकृयालाई छिटो छरितो र थप व्यवस्थित गरिने छ । न्यायिक समितिको कामलाई वस्तुपरक बनाउन संस्थागत विकास गरिने छ साथै माध्यमिक विद्यालय र टोल विकास संस्थाहरुमा न्यायिक सचेतना कार्यक्रमलाई निरन्तरता दिईने छ ।

४७. महिला, बालबालिका तथा फरक क्षमता भएकाहरूसँग सम्बन्धित चेतनामूलक प्रचारप्रसार तथा सामग्री उत्पादन, प्रकाशन, प्रशासण र वितरण गरिने छ । सञ्चार माध्यमसँगको सहकार्यमा लैङ्गिक क्षमता सम्बन्धी जनचेतना अभिवृद्धि गर्न रेडियो जिङ्गल उत्पादन तथा प्रशारण, पोस्टर, होडिङ्ग बोर्ड राख्ने जस्ता कार्य गरिने छ । महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि अभियान सञ्चालन गरिने छ । किशोरीको बहुआयामिक विकास, लैङ्गिकतामा आधारित हिंसा, प्रजनन स्वास्थ्य र बाल अधिकार प्रवर्द्धन अन्तर्गत तालिमको व्यवस्था

गरिने छ ।साथै नगरलाई वालविवाह मुक्त नगरपालिका घोषणा गर्न थप प्रोत्साहन र क्षमता विकासका कार्यक्रम संञ्चालनमा ल्याईने छ ।

४८. दलित समुदायले परम्परागत रूपमा गर्दै आइरहेका आरन, निगालो,बाँस,भाँगो,अल्लो र केतुके जस्ता स्थानीय उत्पादनका सामग्री लगायतका व्यवसायहरू प्रबर्द्धन गरी आधुनिक प्रविधिसँग जोड्दै दलित समुदाय तथा एकल महिलाको नाममा सञ्चालित व्यवसाय प्रवर्द्धनमा प्रोत्साहन गरिने छ ।

४९. पूर्ण अशक्त एवम् अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागी समन्वय गरिने छ । अपाङ्गता भएका व्यक्तिमैत्री भौतिक संरचना निर्माणको लागि पहल गरिने छ । अपाङ्ग शिविरको व्यावस्थापनमा सहयोगका साथै जनप्रतिनिधिहरूलाई जातीय विभेद, लैङ्गिक समानता, महिला सशक्तीकरण, लैङ्गिक हिंसा निवारण तथा बालअधिकारसम्बन्धी अभिमुखीकरण कार्यक्रम कार्यान्वयमा लगिने छ ।

५०. बालमैत्री स्थानीय शासन कार्यक्रमलाई विशेष अभियानका साथ सञ्चालन गरिने छ त्यसको लागि आवश्यक पर्ने वजेट व्यवस्थापन गरिने छ। सार्वजनिक जग्गाको व्यवस्थापन गरी वडाहरुमा बाल उद्यान निर्माण गर्ने कार्यको पहल गरिने छ ।बालबालिकाको चौतर्फी विकासका लागि र प्रतिभावान् बालबालिकाको पहिचान र प्रोत्साहनका लागि विविध कार्यक्रम सञ्चालन गरिने छ । त्यसैगरी बालश्रम, बाल विवाह न्यूनीकरणका लागि अभियानात्मक कार्यक्रम संञ्चालन गर्न श्रोत सुनिश्चित गरि वालश्रममुक्त वडा र पालिका घोषणाको लागि क्रियाकलाप संञ्चालन गरिने छ । बालक्लब दर्ताको लागि र बाल संरक्षणको लागि तयार गरिएका निर्देशिकाहरू कार्यान्वयनमा ल्याइने छ । साथै विपद् र जोखिममा रहेका वालवालिकाहरूको लागि आपतकालीन वाल उद्दार कोषको स्थापना गरी विपद् र जोखिममा रहेका वालवालिकाहरूको उद्दारमा सहयोग पुर्याइने छ ।

५१. नगरपालिकामा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापनाको लागि आवश्यक पूर्वाधार निर्माणमा सहयोग गर्न समन्वय गरिनेछ ।जेष्ठ नागरिकहरूको सम्मानका लागि सरोकारवालाहरूको संयोजनमा सबै वडाहरूमा 'ज्येष्ठ नागरिक स्वास्थ्य शिविर' र 'ज्येष्ठ नागरिक सम्मान' कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५२. किशोर किशोरीहरूलाई साथी शिक्षा, प्रजनन स्वास्थ्य र यौनसम्बन्धी विषयहरूमा चेतना अभिवृद्धि गरी सभ्य र सुरक्षित व्यवहार प्रवर्द्धन गर्ने कार्यक्रमलाई प्राथमिकता दिइने छ ।समावेशी विकासका सम्बन्धमा संविधान प्रदत्त हकहरू तदारुकताका साथ कार्यान्वयनमा ल्याइने छ ।

५३. नगरभित्रका विभिन्न दाहसंस्कार स्थलहरूको पहिचान गरी आवश्यक पूर्वाधार निर्माणको लागि पहल गरिने छ ।

५४. नगर भूउपयोग नीतिले अङ्गिकार गरेका प्रावधान अनुसार औद्योगिक, आवासीय, कृषि, मनोरञ्जन, वन उद्यान लगायतका क्षेत्रहरूको अभिलेखीकरण गरिने छ । नगरपालिकाभित्र रहेका ऐलानी, पर्ती र सार्वजनिक जग्गाको नक्साङ्कन र सीमाङ्कन गरी संरक्षण र प्रवर्द्धनका लागि उपयुक्त कार्य योजनाका साथ काम सुरु गरिने छ । भूउपयोग नीति २०७२ ले निर्दिष्ट गरे अनुसारको नगर भूउपयोग योजना कार्यान्वयनमा ल्याइने छ । घर जग्गाको विक्री वितरणलाई वैज्ञानिक रूपमा व्यवस्थापन गरिने छ । अतिक्रमित तथा अन्य सरकारी र सार्वजनिक जमिनको लगत सङ्कलन गरिनेछ । अतिक्रमित सार्वजनिक जग्गाको पहिचान गरी पुनः सार्वजनिकीकरण गर्न सबैको सहयोग लिइने छ ।

५५. सवारी दुर्घटना न्यूनीकरण, सडक सुरक्षा कार्ययोजना, सवारी दुर्घटना र सुरक्षित यात्रासँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरू अभियानका रूपमा सञ्चालन गरिने छ । मुख्य राजमार्गमा ट्रिपर लगायत ठूला सवारी साधनवाट हुने दुर्घटनालाई न्यूनीकरण गर्नका लागि सरोकारवालाहरुसँग छलफल गरी उपयुक्त रणनीति अपनाइने छ । ट्राफिक प्रहरीसँगको सहकार्यमा मुख्य मुख्य बजार केन्द्रमा ट्राफिक सङ्केत चिह्नहरू निर्माण गराईने छ । ट्राफिकसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ । यातायात कम्पनीहरूसँगको सहकार्यमा जथाभावी फोहोर फाल्ने कार्यको अन्त्य गरी सवारी साधनमा नै डस्टबिन राख्ने व्यवस्थाका लागि सवारी धनीलाई प्रोत्साहित गरिने छ ।

५६. खानेपानी सेवा सञ्चालनसम्बन्धी निर्देशिका, २०६९ को प्रावधानअनुरूप खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले उपभोक्तालाई दिँदै आएको खाने पानी तथा सरसफाइ सेवा सुविधाको नियमन गरिने छ । नेपाल सरकार, प्रदेश सरकार, उपभोक्ता समिति र स्थानीय नागरिकको सहभागिता र लागत साझेदारीमा खानेपानी तथा सरसफाइको सेवा क्षेत्र विस्तार र सेवा स्तर वृद्धिका लागि आवश्यक प्रक्रिया अगाडि बढाउनुका साथै ढल निकास योजनाको कार्य आगाडि बढाइने छ । खानेपानी प्रदायक संस्थाहरू र सम्बन्धित वडा कार्यालयहरू बीच सघन समन्वयको कामलाई प्राथमिकता दिइने छ साथै नगर स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति गठन गरिनेछ ।सबैलाई स्वच्छ खानेपानी सेवा उपलब्ध गराउनको लागि एक घर एक धारा को कार्यक्रमलाई जिल्लास्थित खानेपानी संस्था, प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा अगाडि बढाइने छ ।खानेपानी सङ्कटग्रस्त बस्तीहरूलाई प्राथमिकताका साथ योजना निर्माण गरी शीघ्र कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अघि बढाइने छ । साथै मुहान नै नभएका ठाउँहरूमा बिजुली तथा सौर्य ऊर्जा प्रणालीद्वारा खानेपानीको आपूर्तिलाई सहज बनाइने छ ।सरकारको लगानीमा निर्माण भई हाल निजीकरण गरिएका खानेपानी योजनाहरुलाई व्यवस्थित रुपमा सार्वजनिक गराईनेछ ।

५७. नगरवासीलाई कर तिर्नु भनेको आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभूत गराउन कर प्रशासनका सर्वमान्य सिद्धान्तका आधारमा हरेक क्षेत्रमा प्रगतिशील कर प्रणालीको अवलम्वन गरिने छ । करको दरभन्दा दायरालाई प्राथमिकता दिई सोहीअनुसार करका नीतिहरू तय गरिने छ । राजस्व सम्भाव्यता अध्ययन गरी राजस्व परिचालनका थप स्रोतहरूको पहिचान गरिने छ ।नेपाल सरकारको निर्णय अनुसार स्थानीय तहलाई प्राप्त घर बहाल कर सङ्कलनको अधिकारलाई संक्षिप्त मापदण्ड जारी गरी अभियानका साथ सङ्कलन गरिने छ ।स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार करका सर्वमान्य सिद्धान्त, कर लागू गरेका अन्य पालिकाहरूको असल अभ्यास, विज्ञ एवम् आम नगरवासीको राय परामर्शका आधारमा वैज्ञानिक सामाजिक न्यायका सिद्धान्तका आधारमा प्रगतिशील ढाँचामा कर लगाइने छ । सबैभन्दा धेरै कर दाखिला गर्ने करदातालाई 'उत्कृष्ट करदाता' को रूपमा पुरस्कृत गरिने छ । सबै आर्थिक तथा व्यापारिक क्रियाकलापहरूलाई करको दायरामा ल्याई आन्तरिक आम्दानीको दायरालाई फराकिलो बनाइने छ ।

५८. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार प्राप्त अधिकारको अधीनमा रही ढुङ्गा, गिट्टी, बालुवा, रोडा, माटो, ग्राभेल लगायतका नदीजन्य पदार्थ, नगर सम्पत्तिको रूपमा रहेका अन्य राजस्वका स्रोतहरूको समेत पहिचान गरी त्यसका लागि आवश्यक प्रकिया पूरा गरी ठेक्कापट्टा लगाउने काम गरिने छ ।

५९. नगरवासीहरूको विकासप्रतिको आकाङ्क्षालाई पूरा गर्न एवम् समृद्ध नगरको सपनालाई यथार्थमा साकार गर्न योजना प्रणालीको अहम् भूमिका रहने विषयलाई आत्मसात गर्दै समग्र योजना तर्जुमा प्रणालीलाई यथार्थपरक, व्यावहारिक, समुदायको अपनत्व रहने, टिकाउ र निर्माणको कार्यलाई गुणस्तर सुनिश्चितताका साथै केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनाबीच समन्वय कायम गरी नगरको सर्वाङ्गीण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको दीर्घकालीन योजना निर्माण गरिने छ । नगरपालिकाको समग्र क्षेत्रको समानुपातिक तवरले विकास गर्नको निमित्त डिजिटल नगर प्रोफाईल र मध्यकालिन खर्च संरचना योजना यसै वर्ष तयार गरी कार्यान्वयनमा ल्याईने छ ।

६०. आर्थिक वर्ष २०८२/०८३ मा विभिन्न आयोजनामा छुट्टयाइएको पुँजीगत खर्चको न्यूनतम ७० प्रतिशत रकम चैत्र मसान्त भित्रै खर्च गर्ने सुनिश्चिताका लागि नगरपालिकाको आन्तरिक संयन्त्र थप परिचालन गरिने छ । साथै योजना अनुगमनको वार्षिक कार्यतालिका र सूचक निर्माण गरी परिणाममुखी अनुगमनलाई प्राथमिकता दिइने छ । योजनाहरूको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरूको सहभागितालाई सुनिश्चित गरिने कार्यलाई निरन्तरता दिएको छ ।

६१. नगरपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिने छ ।नगर करार कर्मचारीलाई सामाजिक सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने कार्य यसै वर्ष देखि लागू गरिने छ र यो वर्ष करारमा रहेका अधिकृत स्तरका कर्मचारीको लागि वजेट व्यवस्थापन गरिने छ । कर्मचारीको क्षमता विकास,अनुभव आदानप्रदान जस्ता कार्यक्रम सञ्चालन गरिनेछन । स्वच्छ कार्यवातावरण, उत्कृष्ट सेवा प्रवाहको अवधारणा साकार पार्न कार्यालयको सरसफाइ, जनप्रतिनिधि, कर्मचारी लगायत नगरभित्रका जिम्मेवार व्यक्तिहरूबाट शिष्ट बोली, सभ्य व्यवहार, असल चरित्र र तडकभडकरहित जीवनशैली अपनाउने सरल, सहज र शिघ्र सेवा प्रवाहलाई सुनिश्चित गरिने छ ।

६२. लेखापरीक्षणको क्रममा औंल्याईएका वेरुजु फर्छ्यौट गर्ने प्रकियालाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन , २०७६ को दफा ३९,४०,४१ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली , २०७७ को नियम ८९,९० अनुसार प्रमाण पेश गरी वा नियमित गरी वा असुल उपर गरी फर्छैयौट गर्ने कार्यलाई थप प्रभावकारी साथ अगाडि वढाईने छ । साथै उक्त कार्य अटेरी गर्ने व्यक्ति ,फर्म ,समूह , समिति,कम्पनी तथा अन्य निकाय सँग कुनै कारोवार वा सेवा प्रवाह गरिने छैन कर्मचारीको हकमा तलव रोक्का गरी असुल गरिने नीति कडाईका साथ लागू गरिने छ ।

६३. प्रचलित कानूनको अधीनमा रही नगर प्रहरीको व्यवस्थापन गरी नगरको नियमनकारी भूमिकालाई प्रभावकारी बनाउने प्रयास गरिने छ ।बजार, बालश्रम, विद्यालय, व्यवसाय दर्ता र सञ्चालन, मदिरा विक्री, वितरण र सेवन, घर निर्माण, सार्वजनिक जग्गाको प्रयोग, सिमाना, इन्धन डिपो, होटल, दुध डेरी, मासु पसल, औषधी पसल लगायतका नागरिकको जनजीविकासँग सम्बन्धित पक्षहरूलाई प्रचलित कानूनको अधीनमा कडाइका साथ अनुगमन गरी स्थानीय सरकारको अनुभूति गराइने छ।

६४. गोकुलेश्वर वजारमा सिसी टिभी जडान प्रकिया अगाडि वढाईने साथै मौजुदा सुरक्षा षोष्टको स्तर सुधार एवम् सुरक्षा निकायको समन्वयमा हाल सुरक्षा पोस्ट नभएका वडाहरूमा सुरक्षा पोस्ट स्थापनाको लागि आवश्यक प्रकिया यसै आ.व. मा अगाडि बढाउन सङ्घ र प्रदेशमा अनुरोध गर्ने। साथै सुरक्षा निकाय र सरोकारवालाहरू बीच सुरक्षा व्यवस्थालाई सबल बनाउन आवश्यक अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गरिने छ ।

६५. घुम्ती शिविर मार्फत सामाजिक सुरक्षा भत्ता वितरण ,स्वास्थ्य सेवा, कृर्षि तथा पशु सेवा, वडा स्तरीय योजना भुक्तानी सेवा भुक्तानी जस्ता कार्य अगाडि वढाईने छ । यस नगरपालिका अन्तर्गत सामाजिक तथा आर्थिक रुपले पिछडिएका दलित महिला ,अपाङ्ग आदि लक्षित वर्गका लागि सार्वजनिक सेवामा पहुँच पुर्याउन निःशुल्क रुपमा लोकसेवा तथा शिक्षक सेवा आयोगका तयारी कक्षाहरु संञ्चालन गर्न पहल गरिनेछ ।

६६. राजश्व दाखिला संङ्कलन प्रणालीलाई सप्टवयर मार्फत दाखिला गर्ने नीतिमा थप कडाई गरिने छ ।ठेक्कापट्टा लगाउँदा E-Tender बाट मात्र गरिने कार्यलाई निरन्तरता दिईने छ ।

६७. नगरवासीलाई सहज यातायात सेवा उपलव्ध गराउन नगर वसको व्यवस्थापको लागि वजेट व्यवस्थापन गरिने छ ।डिजिटल पालिकाको अवधारणालाई कार्यान्वयनमा ल्याईने छ ।नगरपालिकालाई आवश्यक पर्ने परामर्शको लागि परामर्शदाताको नियुक्ति एवम् छनौट गरी कार्य गराइने छ ।

**आदरणीय महानुभावहरू ।**

- प्रस्तुत नीति तथा कार्यक्रम शैल्यशिखरलाई समृद्ध बनाउने मार्गदर्शक दस्तावेज हो।यस नगरलाई समृद्ध बनाउनमा सबै नगरवासीको आ–आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण भूमिका छ । यो नीति तथा कार्यक्रम सरकारी , गैरसरकारी, निजी , सहकारी लगायत विकासका सबै साझेदार वा पक्षधरको लागि मार्गचित्र हो । यस नगरपालिकालाई विकासका दृष्टिकोणले नमुना बनाउन हामी दत्तचित्त भएर लागेका छौं । नगरको विकास नै हामी सबैको विकास हो । यसैले विकास निर्माणका काममा आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्याउन र रचनात्मक सुझाव, सल्लाह दिन हामी नगरवासी आम जनसमुदायलाई हार्दिक आग्रह गर्दछौं । हामीले नगरवासी जनताबाट प्राप्त रचनात्मक सुझाव, सल्लाहलाई सधैं आत्मसात गर्नेछौं । विकास निर्माणका काममा हामी सबैको एउटै दृष्टिकोण हुनुपर्छ भन्नेमा हामी दृढ छौं ।
- अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकायहरू, विभिन्न राजनीतिक दलहरू, विभिन्न सङ्घ संङ्गठनहरु, गैरसरकारी संस्थाहरू, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सद्भाव, सहभागिता र सहयोग हुनेमा विश्वास व्यक्त गर्दै सम्मानित सभाबाट रचनात्मक सुझावसहित प्रस्तुत नीति तथा कार्यक्रम पारित हुनेछ भन्ने हार्दिक अपेक्षाका साथ विदा लिन्छु ।

धन्यवाद ।